# डुङ्गेश्वर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डाँडापराजुल, दैलेख

कर्णाली प्रदेश, नेपाल

# डुङ्गेश्वर गाउँपालिकाको युवा नीति २०८१

## गाउँपालिकाःडुङ्गेश्वर

## जिल्लाः दैलेख

## प्रदेशःकर्णाली, नेपाल

सभाबाट पारीत मितिः २०८१/०९/२८

प्रमाणिकरण मितिः २०८१/०९/२८

प्रमाणिकरण गर्नेको दस्तखतः

नाम थरः सुन्दर कुमार के.सी.

पदः गाउँपालिका अध्यक्ष

# डुङ्गेश्वर गाउँपालिकाको युवा नीति, २०८१

## डुङ्गेश्वर गाउँपालिका, दैलेख
## कर्णाली प्रदेश

## १. परिचय / पृष्ठभुमि

युवा शक्ति राष्ट्रको अमूल्य सम्पत्ति हो । युवा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका अग्रदूत तथा परिवतर्नका संवाहक शक्तिहरु मध्येका एक हुन् । युवा भित्र रहेको साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवं उच्च आत्मविश्वासका कारण राष्ट्रले विकासको फड्को मार्न सक्दछ । जसलाई राष्ट्र निर्माणको प्रमुख स्रोत समेत मानिन्छ ।

राष्ट्रिय युवा नीति, २०७२ ले १६ देखि ४० वर्ष उमेर समूहलाई युवा भनेर परिभाषित गरेकोछ । राष्ट्रिय जनगणना २०७८ अनुसार डुङ्गेश्वर गाउँपालिकामा १६ देखि ४० वर्ष उमेर समूहको जनसङ्ख्या कुल जनसङ्ख्या १३,७४३ मध्ये ५,९५७ (४३.३४ प्रतिशत) रहेको छ । गुणात्मक र सङ्ख्यात्मक दृष्टिले युवा राष्ट्रको मेरूदण्ड भएकाले युवाको सर्वाङ्गीण विकास गरी उनीहरूको क्षमतालाई स्थानीय सरकारको विकास प्रकृया र विकासको मूलधारमा ल्याउनु जरूरी छ ।

तसर्थ, डुङ्गेश्वर गाउँपालिकाको युवामा राष्ट्र, राष्ट्रियता र नागरीकप्रतिको जवाफदेहिता, युवाका आधारभूत आवश्यकताहरूको परिपूर्ति, लैङ्गिक समानता तथा सामाजीक समावेशीकरणको सिद्धान्त, संवैधानिक सर्वोच्चता, वैयक्तिक स्वतन्त्रता, विश्वव्यापी मानवाधिकारको सिद्धान्त, लोकतान्त्रिक मूल्य मान्यता, विश्वशान्ति; सह–अस्तित्व, संस्कृति र वातावरणीय सम्पदाको संरक्षण र संबर्द्धन जस्ता आधारभूत मूल्य मान्यताहरूको प्रवर्द्धन गर्ने उदेश्यले डुङ्गेश्वर गाउँपालिकाद्धारा स्थानीय युवा नीति, २०८१ तर्जुमा गरिएको हो ।

## २. डुङ्गेश्वर गाउँपालिकाको संक्षिप्त परिचय

नेपाल सरकारको वि.सं.२०७३ फागुन २७ गतेको निर्णयानुसार साविकका ४ वटा गाविसहरु बेलपाटा, लाँकुरी, अवलपराजुल, डाँडापराजुल लाई एक आपसमा गाभेर मिलाइ ६ वटा वडामा विभाजन गरी यो डुङ्गेश्वर गाउँपालिकाको संरचना तयार पारिएको हो । कुल १०५.२० बर्ग कि.मी. क्षेत्रफमा फैलिएको यो गाउँपालिका दैलेखका ११ वटा स्थानीय तहहरु मध्य क्षेत्रफलका हिसाबले तेस्रो सानो स्थानीय तह हो ।

दुन, टार, चुरे र महाभारत श्रेणीमा पर्ने रमणिय वातावरणमा रहेको सुन्दर गाउँपालिकामा थोरै साधन र स्रोतको लगानीवाट गाउँपालिकाको, सामाजिक आर्थिक र भौतिक पूर्वाधारका क्षेत्रमा बिकास हुन सक्ने सम्भावना रहेको छ । भौगोलिक हिसाबले बिकट र बिकासको हिसाबले बिकासोन्मुख अवस्थामा यो गाउँपालिका रहेको छ ।

२०७८ सालको जनगणना अनुसार कुल १४ हजार ५ सय ३३ जनसंख्या रहेको यो गाउँपालिका भित्र बिभिन्न जातजातीहरुको बसोबास रहेको छ । कुल जमिनको ५३.९७ प्रतिशत अर्थात ५ हजार ६ सय ७७ दशमलब ५६ हेक्टर भुभाग बनजंगलले ढाकेको यस गाउँपालिका भित्र प्रशस्त मात्रामा खोलानाला रहेका छन् ।मुख्यतया क्षेत्री र ब्राह्मण जातिको बाहुल्यता रहेको यस गाउँपालिकामा ठकुरी, गुरुङ्ग, मगर, कामी, दमाईको बसोबास रहेको छ भने केही संख्यामा

अल्पसंख्यक जाति गाइने र वादी जातिको पनि बसोबास रहेको छ । हिन्दु, इसाई, मुस्लिम, बौद्ध धर्मावलम्वीहरु रहेका छन । धार्मिक तथा सांस्कृतिक रुपमा डुंगेल मन्दिर, भैरव मन्दिर, नारायण मन्दिर रहेका छन् । प्राकृतिक स्रोत साधनको रुपमा पराजुलीखोला, कुईंया ताल, स्लेट खानी, बनजंगल रहेको छ ।

## ३. परिभाषा :

यस नीतिको प्रयोजनका लागि

(क) "नीति" भन्नाले "पालिका युवा नीति, २०८१" , डुङ्गेश्वर गाउँपालिका सम्झनुपर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले डुङ्गेश्वर गाउँकार्यपालिका लाई सम्झनुपर्दछ ।

(ग) "युवा" भन्नाले १८ देखि ४० वर्षसम्मका नागरिकलाई जनाउने छ ।

(घ) "प्राथमिकताको समूहका युवा" भन्नाले महिला तथा आदिवासी जनजाति युवालाई जनाउने छ ।

(ङ) "विशेष प्राथमिकताको समूहका युवा" भन्नाले द्वन्द्पीडित, जोखिममा परेका, अपाङ्गता भएका, सीमान्तकृत, लोपोन्मुख, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, दलित तथा मुस्लिम समुदायका युवालाई जनाउने छ ।

(च) "द्वन्द्वपीडित युवा" भन्नाले २०५२ सालदेखि २०६३ मंसिर ५ गतेसम्म नेपालमा भएको शस्त्र द्वन्द् र पछिल्ला समयका द्वन्द्वपीडित परिवारका युवालाई जनाउने छ ।

(छ) "जोखिममा रहेका युवा" भन्नाले बेचबिखनमा परेका, प्राकृतिक विपद्मा परेका, लागू औषध प्रयोगकर्ता, सडकमा रहेका तथा असुरक्षित गन्तव्यका मुलुकमा वैदेशिक रोजगारीमा संलग्न युवालाई जनाउनेछ ।

(ज) "अपाङ्गता भएका युवा" भन्नाले सबै प्रकारका शारीरिक र मानसिक अपाङ्गता भएका युवालाई जनाउने छ ।

(झ) "सीमान्तकृत अल्पसङ्ख्यक समुदायका युवा" भन्नाले जातीय, भाषिक, सांस्कृतिक, वर्गीय तथा लैङ्गिक आधारमा राज्य तथा गैरराज्यका सेवा सुविधाबाट वञ्चित, सीमान्तकृत तथा राष्ट्रिय विकासको मूल प्रवाहमा आउन नसकेका अन्य युवालाई जनाउने छ ।

## ४. समस्या तथा चुनौतीहरु

कुल जनसंख्याको ४३ प्रतिशत युवा जनसंख्या रहेको यस पालिकाले जनसांख्यिक लाभांस लिने सन्दर्भमा युवासम्बद्ध समस्या तथा चुनौतीहरुलाई चिर्न एकदमै आवश्यक छ । वर्तमान अवस्थामा यस पालिकाका युवाहरुले निम्नानुसारको समस्या तथा चुनौतीहरुको सामना गरिरहेका छन् :

(क) गुणस्तरीय, समयसापेक्ष र रोजगारमूलक शिक्षाको अभाव ।

(ख) व्यावसायिक सीप र प्रविधिमा असमान पहुँच

(ग) शिक्षीत ,अशिक्षीत तथा अर्ध बेरोजगारी

(घ) युवाहरुलाई समाजले हेर्ने अविश्वासको दृष्टिकोण

(ङ) पारिवारीक असहयोग

(च) ऋण प्रवाहको झन्झटिलो प्रकृया

(छ)स्थानीय विकास प्रकृया तथा गतिविधिहरुमा निश्चित उमेर समुह तथा वर्गको हालिमुहालि

(ज) विभिन्न परिस्थितिले सिर्जना गरेको निराशापनले बढदो आत्महत्या

(झ)बाल विवाह जस्ता अन्य हानिकारक सामाजीक मूल्यमान्यताहरु

(ञ) युवामैत्री कानूनको अभाव

(ट) लैंगिक, जातीय तथा विभिन्न खालका सामाजिक असमानता

(ठ) युवाहरुमा उद्यमशिलताको कमि

(ड) लागु औषधको बढदो कुलत

(ढ) युवा पलायन

(ण) कमजोर मनोबल

(त) युवामैत्री लगानी र उद्यमशील वातावरणको अभाव

युवाहरुको सर्वागीण विकासमा धेरै समस्यार चुनौतीहरु छन । यसका लागि स्थानीय सरकारको सन्दर्भमा युवाका सम्भावना र अवसरहरु पनि उत्तिकै छन्। र यो नीतिले ती अवसर र सम्भावनालाई थप उजागर गर्न सहयोग गर्नेछ ।

**<u>सम्भावना तथा अवसरहरु</u>**

(क) लोकतान्त्रिक, संघीय शासन प्रणाली र विकासमा सार्थक सहभागिताको अवसर

(ख)कृषि, पर्यटन, जलस्रोत लगायतका प्राकृतिक साधनस्रोतको प्रचुरता

(ग) बैंक, सहकारी, लघुबित्तको बढ्दो सञ्जाल

(घ) औपचारिक, व्यवसायीक शिक्षाको बढ्दो सञ्जाल सबैलाई शिक्षा कार्यक्रम

(ङ) सचेतना विकास विस्तारमा विभिन्न साझेदार संस्थाहरुको उपस्थिति

(च) ठूलो संख्यामा रहेको बैदेशिक रोजगारको अवसर र त्यसबाट प्राप्त सीप, अनुभव र साधनस्रोतको उत्पादनशील क्षेत्रमा प्रयोग गर्दै आन्तरिक रोजगारी सिर्जनाको अवसर

(छ)प्रधानमन्त्री रोजगार कार्यक्रम लगायतका अवसर र सम्भावनाहरु यहाँको युवाहरुको चौतर्फी विकासको लागि रहेकोछ ।

## ५. <u>दीर्घकालीन सोच</u>

युवाका आधारभूत अधिकारहरूको प्रत्याभूति गर्दै युवा सशक्तीकरणका माध्यमबाट सामर्थवान्, उद्यमशील, सिर्जनशील तथा वैज्ञानिक एवं सकारात्मक सोचयुक्त समृद्ध युवा तयार गरी राष्ट्रको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा अर्थपूर्ण योगदान दिन सक्ने गरी पालिकाका युवालाई स्थानीय सरकारको विकास प्रकृयामा हरेक वर्गको युवाहरुको अर्थपुर्ण सहभागिताको प्रत्याभूति गर्दै युवाहरुलाई मूलप्रवाहिकरणमा ल्याई सशक्त र नेतृत्वदायी भुमिकामा स्थापित गराउनु यस युवा नीतिको दीर्घकालीन सोच हुनेछ ।

## ६. लक्ष्य

स्थानीय सरकारको लोकतान्त्रिक अभ्यास प्रकृयामा युवाहरुको संलग्नता बढाउँदै एउटा दक्ष, क्षमतावान र श्रृजनशिल युवा उत्पादन गर्नु यस नीतिको मुख्य लक्ष्य रहेकोछ ।

## ७. उद्धेश्य

(क) स्थानीय विकासमा युवाको भूमिका र सम्भाव्यताको विकास र विस्तार गर्ने,

(ख) युवालाई राष्ट्र एवं राष्ट्रियता, नागरिक र सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित र प्रतिबद्ध बनाउँदै उत्तरदायी र जवाफदेही बनाउने,

(ग) युवाहरुमा लोकतान्त्रिक प्रणालीको अभ्यास गराउँदै नेतृत्व विकासमा जोड दिने ।

(घ) युवावर्गमा सिर्जनशीलता, उद्यमशीलता र अन्वेषणात्मक क्षमताको विकास गरी राष्ट्रको आधारभूत शक्तिका रूपमा स्थापित गर्दै उनीहरूमा रहेका क्षमता उजागर गर्ने,

(ङ) श्रमको सम्मान गर्ने संस्कृति विकास गर्दै युवाको शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा संवेगात्मक पक्षको समुचित विकास गरी उच्च मनोबलयुक्त, नैतिक, सुसंस्कृत, सिर्जनशील तथा व्यावसायिक रूपमा दक्ष युवा तयार गर्ने,

(च) युवाका आधारभूत अधिकारहरू सुनिश्चित गर्दै उत्पादनशील स्रोतहरूमा उनीहरूको पहुँच बढाएर राजनीतिक, आर्थिक, सामाजिक एवं साँस्कृतिक क्षेत्रका सबै तहका नीति निर्माण, निर्णय एवं कार्यान्वयनमा सहभागी गराउनुका साथै लैङ्गिक संवेदनशीलतामा आधारित अर्थपूर्ण सहभागिताका माध्यमबाट नेतृत्व क्षमता विकास गरी युवालाई स्थानीय स्तरमा समाजीक विकासको संवाहक शक्तिका रूपमा स्थापित गर्ने,

(छ) शिक्षा आर्जनका क्रममा रहेका तथा समाजमा आफ्नो पहिचान स्थापित गर्ने संवेदनशील अवस्थामा रहेका युवाको शिक्षा, रोजगारी, वृत्ति लगायतका व्यक्ति एवं सामाजिक विकासमा सघाउने,

(ज) प्राथमिकता तथा विशेष प्राथमिकताको समूहका युवालाई सकारात्मक विभेदका माध्यमबाट सशक्त गरी विकासको मूल प्रवाहमा ल्याउने ।

## ८. प्रमुख नीतिहरु

पालिका युवा नीतिले लिएका उद्धेश्यहरू प्राप्त गर्नका लागि देहाय बमोजिमका नीतिहरु अवलम्बन गरीनेछ ।

(क) युवालाई परिवर्तनका संवाहक र दिगो विकासका उत्प्रेरक शक्तिका रूपमा विकास गर्ने ।

(ख)देशको आर्थिक, सामाजिक तथा शासकीय पद्धतिको रूपान्तरणको प्रक्रियामा युवाको भूमिकालाई उच्च महत्व दिने ।

(ग) स्थानीय तहको नीति निर्माण र विकास निर्माण प्रकृयामा युवाहरुको अर्थपूर्ण सहभागिता गराउने ।

(घ) युवालाई समाजका कर्मठ, क्रियाशील, नवीनताको पक्षधर र रचनात्मक शक्तिमा परिणत गर्ने ।

(ङ) युवामा नैतिकता, चारित्रिक गुण तथा अनुशासन विकास गर्ने ।

(च) निजी तथा गैरसरकारी एवं सरकारको सहकार्यमा युवालाई सामाजिक परिवर्तनका सम्वाहक शक्तिका रूपमा विकास गर्ने।

(छ) सबै वर्ग, लिङ्ग, जातजाति, धर्म, वर्ण र क्षेत्रका युवाका विविधतालाई दृष्टिगत गर्दै सशक्तीकरण र विकासका लागि समान अवसर सिर्जना गर्ने ।

(ज) स्थानीय सरकारको विभिन्न क्षेत्रमा विशेष योगदान पुर्याएका युवाहरुलाई विभिन्न माध्यमबाट प्रोत्साहन प्रदान गर्ने ।

(झ) युवामा अन्तर्निहित प्रतिभा प्रस्फुटन, सिप र क्षमता विकास गर्ने ।

(ञ) युवामा उद्यमशीलता विकास गर्ने ।

(ट) स्थानीय सरकारको सामाजिक तथा आर्थिक विकासमा युवालाई स्वयंसेवकका रूपमा सहभागी गराउने ।

(ठ) साहित्य, कला, संस्कृति, सङ्गीत, अभिनय र खेलकुद जस्ता सिर्जनशील क्षेत्रमा युवाको संलग्नतालाई प्रोत्साहन गर्ने ।

(ड) खेलकुदलाई व्यावसायीकरण, वैज्ञानिकीकरण र सामाजिकीकरण गर्ने ।

(ढ) संघीय सरकार र प्रदेश सरकार लगायत अन्य निकायहरुबाट युवाका लागि तर्जूमा गरिने कार्यक्रमहरूमा एकीकृत प्रणाली विकास गर्ने ।

(ण) युवाको स्वास्थ्य सेवामाथिको पहुँच अभिवृद्धि गर्ने ।

(त) प्राथमिकताको समूह तथा विशेष प्राथमिकताको समूहमा रहेका युवालाई विशेष सेवा उपलब्ध गराउने ।

(थ) दलित तथा सिमान्तकृत समुदायका युवाहरुलाई रोजगार तथा स्वरोजगार हुने वातावरण तयार गर्ने ।

(द) विभिन्न उमेरसमूहका युवाको अवस्था र आवश्यकता फरक हुने भएकाले दुई फरक उमेर समूहमा वर्गीकरण गरी (१८–२९ वर्ष, ३०–४० वर्ष) लक्षित गरी कार्यक्रमहरू तर्जूमा गर्ने ।

## १०. <u>कार्यनीतिहरु</u>

### <u>१०.१. शिक्षा</u>

(क) विशेष प्राथमिकताका युवा, अपाङ्गता भएका युवा र सीमान्तकृत अल्पसङ्ख्यक समुदायका युवा समुहहरुलाई लक्षित गरी **"गाउँपालिका प्रमुख छात्रवृति कार्यक्रम"** संचालन गरीनेछ ।

(ख)युवाको उमेर समूहको आवश्यकतालाई दृष्टिगत गर्दै शिक्षा आर्जन तथा वृत्ति विकासको अवसरको खोजीमा रहेका युवालाई लक्षित गरी कार्यक्रम गरिनेछ ।

(ग) युवाहरुको गुणस्तरीय शिक्षा, तालिम, अध्ययन र अनुसन्धानका अवसरहरू सिर्जना गरिने छ ।

(घ) प्रतिभावान् तथा विशेष प्राथमिकताको समूहमा पर्ने युवाका लागि छात्रवृत्ति तथा शैक्षिक ऋणको व्यवस्था मिलाइने छ ।

(ङ) औपचारिक शिक्षाबाट वञ्चित युवाका लागि आवश्यक सिपमूलक तालिम तथा साक्षरता कार्यक्रम सञ्चालन गरिने छ ।

(च) उच्च शिक्षामा अध्ययनरत वा अध्ययन गरिसकेका इच्छुक युवालाई व्यावहारिक ज्ञान दिलाउन ग्रामीण क्षेत्रको विकासमा स्वयंसेवकका रूपमा सहभागी गराउने कार्यक्रम सञ्चालन गरिने छ ।

**१०.२. रोजगारी**

(क) स्थानीय स्तरमा युवाहरुका लागि रोजगारी सिर्जना गर्नका लागि विभिन्न निजी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय गरीनेछ । साथै युवाहरुलाई विभिन्न खालका रोजगारीमूलक तालिमहरु प्रदान गराईनेछ ।

(ख)युवाहरुलाई सिक्ने मन्च प्रदान गर्न र उनीहरुमा स्वयंसेवाको भावना विकास गर्नका लागि हरेक वर्ष कम्तिमा ४ जना युवाहरुलाई पालिकापालिकामा इन्टर्नशीपको अवसर प्रदान गरीनेछ ।

(ग) युवाका लागि रोजगारी अभिवृद्धि गर्न उद्यमशीलता तथा अन्य सिपमूलक एवं व्यावसायिक तालिम प्रदान गरिने छ ।

(घ) युवा सूचना केन्द्रको क्षमता अभिवृद्धि गरी सोमार्फत् युवा रोजगार कार्यक्रमलाई समन्वयात्मक तरिकाले स्थानीय तहसम्म विस्तार गरिने छ ।

(ङ) वैदेशिक रोजगारीबाट फर्केका युवाका लागि स्वरोजगारी र उद्यम गर्न आवश्यक कार्यक्रम ल्याइने छ ।

(च) वैदेशिक रोजगारीमा जाने महिलाका लागि मर्यादित रोजगारी र सुरक्षाको उचित व्यवस्था गरिने छ ।

(छ)उद्यमशीलताका क्षेत्रमा लगानी गर्ने युवाको विभिन्न किसिमका उद्यमहरुलाई पालिकाले वीमाको ब्यवस्था गर्नेछ ।

**१०.३. स्वास्थ्य तथा सामाजिक सुरक्षा**

(क) स्वास्थ्य चेतना प्रवर्धन गर्ने कार्यक्रमहरूलाई प्रोत्साहन गरिनेछ ।

(ख) युवाको आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ गराउँदै स्वास्थ्यसम्बन्धी सूचनामा युवाको पहुँच कायम गरिने छ ।

(ग) युवालाई यौन स्वास्थ्य सुरक्षासम्बन्धी शिक्षा प्रदान गर्दै सबै प्रकारका यौनिक हिंसाबाट मुक्त गराउँदै सुरक्षित र सकारात्मक यौनव्यवहार अपनाउन प्रोत्साहित गरिने छ ।

(घ) प्राकृतिक चिकित्सा, आत्म चिकित्सा, योग, ध्यान, आत्मसुरक्षा कला लगायतका माध्यमबाट युवाको स्वास्थ्य प्रवद्र्धन गर्दै जैविक तथा स्वच्छ आहार–बिहार र सरसफाइसम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।

(ङ) परिवार नियोजन, मातृशिशु स्याहार, मातृत्व अधिकार, शिशु जन्मान्तर जस्ता विषयमा स्वास्थ्य संस्थाहरूसँग समन्वय गरी युवालाई प्रशिक्षित गरिने छ ।

(च) महिलाको प्रजनन अधिकार स्थापित गर्दै उनीहरूको प्रजनन स्वास्थ्य स्थितिमा सुधार ल्याउन विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

(छ) युवाको मानसिक स्वास्थ्य सम्बन्धमा पालिकाव्यापी चेतनामूलक कार्यक्रम सञ्चालनका साथै मनोसामाजिक परामर्श लगायतका विशेष लक्षित कार्यक्रम सञ्चालन गरिने छन् ।

**१०.४. युवा सशक्तीकरण तथा नेतृत्व विकास,**

(क) युवाहरुको नेतृत्व क्षमता विकासका लागि कम्तिमा वर्षमा एक पटक नमूना युवा संसद अभ्यास गराईनेछ ।

(ख) युवाहरुलाई राजनीति रुपमा सशक्त बनाउनका लागि संघीयता, मौलिक अधिकार, दिगो विकास, शासकिय पदहरु लगायत विषयहरुमा क्षमता अभिवृद्धि गराईनेछ ।

(ग) सामाजीक जवाफदेहिता अभिवृद्धिका लागि युवाहरुलाई सूचनाको हक , सामुदायिक अंक पत्र तथा सार्वजनिक सुनवाई जस्ता सुशासन प्रवर्द्धनका विधिहरुको बारेमा चेतनशिल बनाईनेछ ।

(घ) विशेष शिप र क्षमता भएका युवाहरुलाई प्रोत्साहन गर्न हरेक वर्ष **"पालिका आदर्श युवा"** पुरस्कारबाट सम्मानित गरीनेछ ।

(ङ) युवालाई स्वदेश तथा विदेशको अनुभव दिलाउन युवा आदान–प्रदान, अध्ययन भ्रमण, देशदर्शन तथा युवा शिविर कार्यक्रम सञ्चालन गरिने छ ।

(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा रचनात्मक कार्य गरी ख्याति कमाएका युवालाई पुरस्कृत गर्दै सम्मान गरिने छ ।

**१०.५. सहभागिता तथा परिचालन**

(क) राष्ट्रनिर्माण, सामाजिक सेवाका विविध पक्ष, राज्यमा आइपर्ने विपत्ति, दुर्घटना तथा आपतकालीन अवस्थामा उद्धार कार्यमा आम युवालाई स्वयंसेवीका रूपमा परिचालन गरिने छ ।

(ख)समुदायस्तरमा विध्यमान बाल श्रम, लैङ्गिक विभेद, बाल विवाह, असमानता, दाईजो प्रथा, घरेलु हिंसा लगायत अन्य हानिकारक सामाजिक मुल्यमान्यताका बिरोधमा युवाहरुलाई आवाज उठाउन सक्षम बनाईनेछ र जनचेतनामूलक कार्यक्रमहरु संचालन गरीनेछ ।

(ग) लोकतान्त्रिक अभ्यासका लागि समावेशी सहभागितामा पालिकास्तरीय पालिका युवा संजाल गठन एवं परीचालन गरीनेछ ।

(घ) प्रत्येक आर्थिक वर्षमा कूल बजेटको निश्चित प्रतिशत रकम युवाहरुको विकासका लागि विनियोजन गरीनेछ ।

(ङ) पालिकाको बार्षिक नीति तथा योजना निर्माण र कार्यान्वयनका प्रक्रियाहरूमा युवालाई अर्थपूर्ण रूपमा सहभागी गराइने छ ।

(च) समाजमा विद्यमान गरीबी, अशिक्षा, छुवाछुत, कुरीति, लैङ्गिक हिंसा, विभेद र विषमता जस्ता समस्या हटाउन युवाहरुलाई सम्बाहकको रुपमा विकास गरी परीचालन गरीनेछ ।

**१०.६. कला, साहित्य, संस्कृति, खेलकुद र मनोरञ्जन**

(क) युवाहरुलाई कृयाशिल बनाउनका लागि बिभिन्न खाले खेल प्रतियोगिताहरु आयोजना गर्नुका साथसाथै तनावमुक्त हुने उपायहरुको बारेमा विभिन्न खालको कार्यक्रमहरुको आयोजना गरीनेछ ।

(ख) पालिकामा रहेका विभिन्न कला र सांस्कृतिक धरोहरहरूको संरक्षण र सम्वर्द्धन गर्न युवालाई कला साहित्यका कार्यक्रममा संलग्न हुन प्रोत्साहन गरिने छ ।

(ग) युवामाझ खेलकुद, सिर्जनशीलता तथा अभिव्यक्ति कलाप्रति अभिरुचि बढाउन प्रशिक्षण, प्रतिस्पर्धा एवम् प्रोत्साहन गर्नुका साथै स्थानिय तथा प्रादेशिक प्रतियोगिताहरूमा प्रतिस्पर्धात्मक सहभागिता बढाइने छ ।

(घ) खेलकुदमा महिला सहभागिता विस्तार गर्न विभिन्न प्रतियोगिता आयोजना गरिने छ ।

**१०.७. लागु पदार्थको दुव्यर्सन नियन्त्रण**

(क) युवामा दुव्यर्सन र विकृतिलाई निरूत्साहित गर्न सरकारी, निजी क्षेत्र, राजनीतिक सङ्गठन र गैरसरकारी सङ्घ संस्थाहरूलाई व्यापक रूपमा परिचालन गरी निरोधात्मक तथा उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिने छ ।

(ख) लागु औषध प्रयोग गरिरहेका युवाका लागि परामर्श तथा पुनःस्थापना केन्द्रहरू सञ्चालन गरी समाजमा पुनःस्थापना गरिने छ ।

(ग) सुरक्षा निकायहरु संगको साझेदारीमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी दुव्यर्सनले ब्यक्तिगत तथा सामुदायिक रुपमा गर्ने सम्भावित क्षतिका बारे सचेत गराईने छ ।

**१०.८. अपराध तथा हिंसामा संलग्न युवालाई मुक्त गर्ने**

(क) युवाहरुलाई समाजप्रति जवाफदेही र उत्तरदायित्व वहन गर्ने एवं लोकतान्त्रिक प्रणालीप्रति प्रतिवद्ध रहन सक्ने बनाउन विशेष कार्यक्रमहरू सञ्चालन गरिने छ ।

(ख) विभिन्न प्रकारका हिंसामा देखिएको युवाको संलग्नता निरूत्साहित गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

(ग) अपराध, हिंसा, गैरकानुनी तथा गैरसामाजिक क्रियाकलापहरूमा संलग्न युवालाई सुधारपश्चात् पुनःस्थापन गर्ने र समाजमा सहज जीवनयापनको वातावरण बनाउन समन्वयात्मक ढङ्गले कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

**१०.९. वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागिता**

(क) जैविक विविधता, हिमाल, हिमताल, सिमसार क्षेत्र र जलाधार संरक्षण गर्न युवा परिचालन गरिने छ ।

(ख) विश्वव्यापी जलवायु परिवर्तन, तापमानमा वृद्धि, जलवायु प्रदूषण, प्राकृतिक स्रोतको अति दोहन रोक्ने आवश्यक काममा युवा परिचालन गरिने छ ।

(ग) दिगो विकास तथा वातावरण संरक्षणमा युवा समूहहरूको सहभागिता बढाउने कार्यक्रमहरूलाई प्राथमिकता दिइने छ ।

**१०.१०. विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँच**

(क) साधनस्रोतहरूको उपयोग, कृषि, पशुपालन, जडीबुटी उत्पादन तथा प्रशोधन, जलविद्युत् लगायतका क्षेत्रमा आधुनिक प्रविधिको विकासमा मेधावी युवालाई आकर्षित गर्न विशेष छात्रवृत्तिको व्यवस्था गरिने छ ।

(ख) सूचना तथा सञ्चार प्रविधिमा ग्रामीण क्षेत्रका युवाको पहुँच कायम गर्न समन्वयात्मक ढङ्गले कार्यक्रम सञ्चालन गरिने छ ।

(ग) विशेष प्राथमिकताको समूहमा परेका युवाका लागि सूचना प्रविधिसम्बन्धी तालिम सञ्चालन गरिने छ ।

**१०.११. विशेष समूहगत प्राथमिकता**

(क) सार्वजनिक यातायात, भवन, शौचालय लगायतका स्थानलाई अपाङ्गतामैत्री बनाउने व्यवस्था मिलाइने छ ।

(ख) अल्पसङ्ख्यक र सीमान्तकृत युवाको प्राकृतिक, सामाजिक, सांस्कृतिक एवं परम्परागत स्रोतमाथि पहुँच कायम गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

(ग) परम्परागत पेशा र सिपको संरक्षण, संवद्र्धन र आधुनिकीकरणमा विशेष जोड दिइने छ ।

(घ) गाउँपालिका र युवा बीचको सहकार्यलाई थप प्रभावकारी बनाउनका लागि पालिकापालिकामा एक जना युवा सम्पर्क व्यक्ति (Youth Focal Point) तोकिनेछ ।

**१०.१२. साझेदारी**

(क) युवाको विकास गर्न नेपाल सरकार, प्रदेश सरकार, स्थानीय निकाय, राजनीतिक युवा सङ्घ सङ्गठन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सहकारी, निजी क्षेत्र र दातृ निकायको साझेदारीमा विभिन्न कार्यक्रम सञ्चालन गरिने छन् ।

(ख) युवाले नेतृत्व गरेका वा युवा विकासमा कार्यरत सङ्घ संस्था, सञ्जाल, युवा क्लब, रेडक्रस, स्काउट र गैर सरकारी तथा निजी क्षेत्रका युवा उद्यमी संस्थाहरूको साझेदारीमा सहकार्य गरी यो नीति कार्यान्वयन गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

(ग) गाउँपालिकाको विकास गतिविधिहरु लागि निर्माण गरीने उपभोक्ता समिति तथा टोल विकास समिति लगायत अन्य विषयगत समितिहरुमा केही निश्चित युवाहरुको सहभागिता गराईनेछ ।

## ११. संस्थागत व्यवस्था

**(क) सरकारी क्षेत्रः** यो युवा नीति कार्यान्वयनको नेतृत्व यस पालिकाको युवा तथा खेलकुद शाखाले सबै सरकारी निकाय, गैरसरकारी क्षेत्र तथा निजी क्षेत्रसँगको समन्वयमा गर्नेछ । यस नीतिले परिलक्षित गरेका क्षेत्रगत कार्यक्रम कार्यान्वयन तथा अनुगमन र समन्वयको जिम्मेवारी सम्बन्धित शाखाहरुको हुनेछ । युवा विकास, क्षमता विकास र प्रविधि विकास कार्यक्रममा संलग्न संघसंस्था एवं निकायले सञ्चालन गर्ने कार्यक्रममा समन्वय गरी एकरुपता कायम गरी र गुणस्तरीय बनाउन व्यवस्था मिलाइने छ ।

**(ख) गैरसरकारी एवं निजी क्षेत्रः** युवासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न युवा सङ्घ सङ्गठन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ संस्था, निजी क्षेत्र, सहकारी र नागरिक समाजलाई प्रोत्साहन तथा परिचालन गरी उपयुक्त वातावरण सिर्जना गरिने छ । यस्ता सङ्घ संस्थाको स्रोतलाई युवासम्बन्धी कार्यक्रममा परिचालन गर्न साझेदारका रूपमा लिइने छ ।

## १२. आर्थिक पक्ष

यस नीतिको कार्यान्वयन गाउँपालिकाको नियमित बजेट मार्फत गरिने छ । गाउँपालिकाले आवधिक तथा वार्षिक योजनामा यस नीतिले निर्दिष्ट गरेका युवा विकासका उद्देश्य तथा नीतिलाई प्राथमिकता दिई कार्यान्वयन गर्दै लानेछन् । यसका अतिरिक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सहकारी, निजी क्षेत्र र दातृ निकायसँगको समन्वय तथा साझेदारीमा यस नीतिले परिलक्षित गरेका युवा विकासका कार्यक्रम सञ्चालनका लागि थप स्रोत जुटाई परिचालन गरिने छ ।

## १३. समन्वय तथा सहकार्य

यस पालिका युवा नीतिले निर्धारण गरेको उद्धेश्य तथा कार्यनीतिहरु परिपुर्तिका लागि पालिकाभित्रको विभिन्न शाखा उपशाखा तथा विषयगत समितिहरुले आपसमा समन्वय एवं सहकार्य गर्नेछन् । यसको साथै प्रदेश सरकार र संघीय सरकार तथा निजी र गैरसरकारी संस्थाहरु (बैंक, बित्तिय संस्था, सहकारी, पालिका उद्योग बाणिज्य संघ र राष्ट्रिय युवा परिषद) लगायत युवा तथा रोजगारिको क्षेत्रमा काम गर्ने अन्य विभिन्न विकास साझेदार संघ संस्थाहरुसँग समन्वय गरीनेछ । यस पालिका युवा नीतिलाई कार्यन्वयन गर्नका लागि पालिकापालिकाले आफ्नो बार्षिक नीति तथा कार्यक्रममा प्राथमित्ताका साथ कार्यक्रमहरु समावेश गरी सोको कार्यन्वयनका लागि बजेट समेत व्यवस्था गर्नेछ ।

**१४. <u>अनुगमन र मूल्याङ्कन</u>**

यो युवा नीति कार्यान्वयन गर्दा यसले प्राप्त गर्ने प्रतिफल र उद्देश्यहरू पूर्ण वा आंशिक रूपमा पूरा भए भएनन् भनी प्रभावकारिता एवं प्रभाव अनुगमन र मूल्याङ्कन गर्ने संयन्त्रका रूपमा गाउँपालिका प्रमुखको अध्यक्षयतामा तपसिलको समिति रहने छ । यस युवा नीतिको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमको युवा मूलप्रवाहीकरण समिति गठन गरिनेछ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| वडा अध्यक्षहरु मध्येबाट ३ जना | सदस्य |
| पालिका युवा सञ्जालको संयोजक | सदस्य |
| युवा सम्पर्क व्यक्ति | सदस्य |
| सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिव |

यस पालिका युवा नीतिले निर्धारण गरेको कार्यनीति प्रगतिको अवस्था विश्लेषणका लागि आवश्कता अनुसार सम्बन्धित सरोकारवालाहरुको बैठकहरु बसि छलफल गरीनेछ र आवश्यकता अनुसार यस युवा पालिका नीति, २०८१ लाई परिमार्जन पनि गर्न सकिनेछ ।

**१५. <u>नीतिको पुनरावलोकन तथा सुधार</u>**

यो नीति कार्यान्वयनको प्रत्येक दुई वर्षमा समीक्षा गरिने छ र आवश्यकता अनुसार पुनरावलोकन गरी परिमार्जन र सुधार गर्दै लगिने छ ।

**१६. <u>खारेजी तथा बचाउ</u>**

यस नीतिमा उल्लेखित कुराहरु प्रचलित कानून संग बाझिएमा बाझिएको हद सम्म सम्बन्धीत कानून बमोजिम नै हुनेछ ।

आज्ञाले

(ललित कुमार थापा)

प्रमुख प्रशासकीय अधिकृत